# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
# आयोजना कार्यान्वयन निर्देशनालयको
## अपिल

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय (KUKL/PID) ले मेलम्ची आयोजना मार्फत उपलब्ध हुने प्रशोधित खानेपानी काठमाण्डौ उपत्यकामा आपूर्ति गर्न निर्माण भएका पूर्वाधारहरुको सफाइ एवं चुहावट परीक्षण पनि सम्पन्न भैसकेको छ । आयोजनावाट वितरण संजाल सुधार अन्तर्गतका करिब १२०० कि.मी. पाइपहरू बिछ्याउने र मिटर सहित धारा जडान कार्य भईरहेको छ । अधिकांस वितरण संजालको पानी तथा संरचनाको थप परिक्षणको लागि मेलम्चीको पानीको पर्खाइमा निर्देशनालय रहेको छ । मेलम्ची खानेपानी विकास समिति द्वारा व्यक्त प्रतिवद्धता वमोजिम यहि २०७७ श्रावण भित्र मेलम्चीको पानी सुन्दरीजल स्थित पानी प्रशोधन केन्द्रमा झर्ने सुनिश्चीत भएकोले सो पानी जनताको घर घरमा पुऱ्याउन यो निर्देशनालय तदारुक्ताका साथ काम गरि रहेको भएता पनि पूर्वाधार वा पानी वितरण संग सम्वन्धित प्रणाली लाई बेला बेलामा विभिन्न पक्ष/निकाय/व्यक्ति द्धारा बारम्बार अनाधिकृत रुपमा क्षती पुऱ्याउने कार्य भैरहेको छ । जसको परिणाम यो संजालले कार्य गर्न नसक्ने अवस्थामा पुग्न सक्छ । अत: तेश्रो पक्ष द्धारा गरिने क्षति सम्बन्धमा यो निर्देशनालयको निम्न अपिल रहेको छ ।

**तेस्रो पक्षद्वारा आयोजनाका संरचनाहरूमा क्षति**

- मेलम्चीको प्रशोधित खानेपानी उपत्यकामा आपूर्ति गर्ने तयारी अन्तिम चरणमा पुगेको अवस्थामा तेस्रो पक्षद्वारा सडक निर्माण/पुर्नस्थापना तथा ढलका पाइप बिछ्याउने क्रममा निर्देशनालयले बिछ्याएका ३५,०९२ मिटर पाइपलाइन (कुल लागत रु. १६ करोड ४ लाख ५० हजार ९८ रूपियाँ वरावरको) गत वर्ष भित्र नै क्षतिग्रस्त भएको छ ।
- निर्धारित समयमा मेलम्चीको पानी उपत्यकामा प्राप्त भए पनि तेश्रो पक्ष बाट क्षतिग्रस्त पाइपलाइन समयमै मर्मत हुन नसक्दा पानी आपूर्ति गर्न अवरोध हुने अवस्था छ भने यस निर्देशनालयद्धारा विच्छ्याइ सकिएका पाइपहरु विभिन्न निकाय समूह तथा व्यक्तिद्धारा जानाजान वा अन्जानवस क्षति पुऱ्याउने कार्य निरन्तर भईरहेकै देखिन्छ ।
- आयोजना अन्तर्गत उपत्यकामा निर्मित संरचनाहरू रहेका स्थानहरूमा तेश्रो पक्षले निर्माण कार्य गर्दा क्षतिग्रस्त भएका संरचनाहरूको यथाशिघ्र पुन निर्माण गर्ने दायित्व पनि सम्बन्धित तेस्रो पक्षकै हो । साथै श्री संघिय संसद प्रतिनिधि सभा विकास तथा प्रविधि समिति र नेपाल सरकारको निर्णय वमोजिम यस निर्देशनालयबाट निर्मित संरचना क्षति पुऱ्याउने पक्षले नै क्षतिपूर्ति व्यहोर्नु पर्ने निर्णय भएकोले समयमै क्षतिग्रस्त संरचनाहरूको पुनर्निमाण गरी सरकारद्वारा निर्धारित समयसीमाभित्र मेलम्चीको शुद्ध, सफा, प्रशोधित खानेपानी काठमाण्डौ उपत्यकामा आपूर्ति गर्ने लक्ष्य हासिल गर्न सहयोग गर्नुहुन सम्बन्धित सवै पक्षसँग हार्दिक अनुरोध गर्दछौं ।

तसर्थः विकास-निर्माणका कार्यहरू गर्दा सावधानी अपनाइ मेलम्ची आयोजनाका संरचनाहरूमा क्षति पुग्न नदिनु यहाँहरूको समेत दायित्व हो भन्ने कुरा पुनःस्मरण गराउन चाहन्छौं । यस निर्देशनालयद्धारा निर्माण सम्पन्न पाइप लाइनहरुको क्षति रोक्न निम्न वमोजिम गर्न हुन सवै सरोकारवाल/उपभोक्ताहरुमा अनुरोध गरिन्छ ।

१. यस निर्देशनालयद्धारा विच्छ्याइसकेका पाइप संजाल काठमाण्डौ उपत्यकाको Ring Road भित्रका अधिकांस प्राय सवै सडकमा विच्छ्याइ सकिएकोले सडक खन्न परेमा यस निर्देशनालयको समेत सहमती लिन ।

२. सडक खनि वा कुनै कारणवस यस निर्देशनालयद्धारा विच्छ्याइएका पाइपको क्षति गरेमा पूर्ववत अवस्थामा नै वनाइ दिने त्यसरी वनाउदा यस निर्देशनालयको प्रमाणिकरण लिन हुन ।

३. यस निर्देशनालयद्धारा मेलम्चीको पानी वितरणको लागि विच्छयाईएका पाइपलाइन भएका क्षेत्रमा कुनै किसिमको निर्माणका कारण क्षति पुग्ने देखिएमा त्यस्ता कार्यको जानकारी तुरुन्त यस निर्देशनालयलाई दिई सहयोग गर्न हुन ।


**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय**

**अनामनगर, काठमाण्डौ**

**फोन नं: ०१-५७०५७७१, ०१-५७०५९१६, ०१-५७०५१४८**

**फ्याक्स: ०१-५७०५०५७,** ***निःशुल्क टोल फि नं: ११३९***

**गृहपृष्ठ: www.kuklpid.org.np**

**Facebook: http://www.facebook.com/kuklpid**